सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३१४ ♦ २०८३ साल साउन १६ शनिवार ♦ 1 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।


## महोत्तरीका प्रमुख बजार बन्द



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**साउन १५ गते, महोत्तरी**

सुनसरीसहित पूर्वी तराईका विभिन्न जिल्लामा भएका घटनाको विरोधमा शुक्रबार महोत्तरीको सदरमुकाम जलेश्वर सहित जिल्लाका प्रमुख व्यापारिक केन्द्र बन्द भएका छन्।

पूर्वघोषित कार्यक्रम अनुसार स्थानीयवासीले शुक्रबार बिहानैदेखि जलेश्वर बजारका अधिकांश पसल तथा व्यवसाय बन्द गरेका हुन्। बजार बन्दका कारण सार्वजनिक यातायातसमेत आंशिक रूपमा

*बाँकी पृष्ठ ३ मा*

## धनुषामा आज विहान ५ घण्टा कर्फ्यु खुकुलो

खबर दर्पण समाचारदाता

**साउन १५ गते, जनकपुरधाम**

धनुषा जिल्ला प्रशासन कार्यालयले जिल्लामा जारी कर्फ्युलाई शनिबार बिहान पाँच बजेदेखि १० बजेसम्म आंशिक रूपमा खुकुलो बनाएको छ।

जिल्ला प्रशासन कार्यालयले शुक्रबार सूचना जारी गर्दै प्रमुख जिल्ला अधिकारीबाट साउन १४ गते जारी गरिएको कर्फ्यु आदेश यथावत् रहे पनि सर्वसाधारणको दैनिक जीवन सहज बनाउन साउन १६ गते बिहान ५:०० बजेदेखि १०:०० बजेसम्म दूध, तरकारी, फलफूल, खाद्यान्नलगायत अत्यावश्यक उपभोग्य वस्तु खरिदका लागि कर्फ्यु आंशिक रूपमा खुला गरिएको जनाएको छ।

प्रशासनले तोकिएको पाँच घण्टाको अवधिभित्र आवश्यक सामग्री खरिद गरी आ-आफ्नो निवासतर्फ फर्किन तथा त्यसपछि कर्फ्यु आदेशको पूर्ण पालना गर्न सर्वसाधारणसँग आग्रह गरेको छ।

सूचनाअनुसार कर्फ्यु अवधिमा पनि अस्पताल, फार्मेसी, हवाई सेवा, ग्यास आपूर्ति, पेट्रोलियम पदार्थको ढुवानी तथा बिक्री, एम्बुलेन्स, दमकल, शववाहन, खानेपानी तथा दूध बोक्ने सवारी, फोहोर



व्यवस्थापनलगायत अत्यावश्यक सेवाहरू भने नियमित रूपमा सञ्चालन हुनेछन्।

त्यसैगरी स्वास्थ्यकर्मी, सरकारी कर्मचारी, सञ्चारकर्मी, रेडक्रसकर्मी, तीर्थयात्री, बिरामी, विमानस्थल जाने-आउने यात्रु तथा उनीहरूलाई लिन-पुर्‍याउन जाने व्यक्तिले परिचयपत्र वा सम्बन्धित प्रमाणपत्र साथमा राखी आवतजावत गर्न सक्ने व्यवस्था गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल द्वारा जारी सूचनामा जिल्लाको सुरक्षा अवस्थालाई ध्यानमा राख्दै सर्वसाधारणलाई प्रशासनको निर्देशन पालना गर्न तथा शान्ति र सुव्यवस्था कायम राख्न सहयोग गर्न आग्रह गरिएको छ।

## महोत्तरीको सीमा भएर प्रवेश गर्नेलाई परिचय पत्र अनिवार्य

खबर दर्पण समाचारदाता

**साउन १५ गते, बर्दिवास**

जिल्लाको समग्र शान्ति सुरक्षा, अमनचयनलाई दृष्टिगत गर्दै छिमेकी मुलुकहरूबाट महोत्तरीको सीमा नाका भई नेपाल भित्रिने सम्पूर्ण यात्रुहरूलाई अनिवार्य रूपमा आफ्नो आधिकारिक पहिचान खुल्ने परिचयपत्र देखाएर मात्र प्रवेश गर्न दिने निर्णय गरेको छ ।

सुनसरी जिल्लामा भएको दुःखद् घटनापछि मुलुकको विभिन्न स्थानमा विकसित भइरहेका संवेदनशील घटनाक्रमलाई मध्यनजर गरि जिल्ला प्रशासन कार्यालय महोत्तरीले शुक्रबार बिहान जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि, धार्मिक-सामाजिक सद्भाव सम्बन्धी समन्वय बैठकबाट सिमा प्रवेश गर्नेलाई परिचय पत्र देखाएर प्रवेश गर्न दिने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताउनुभयो ।

*बाँकी पृष्ठ ३ मा*










फारम भर्ने अन्तिम मिति : २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा : २०८३ श्रावण २१ गते

# मधेशमा साम्प्रदायिक सद्भाव कायम गर्न सातबुँदे निर्णय, स्थानीय तहलाई कार्यान्वयन गर्न निर्देशन

**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले पछिल्लो समय प्रदेशका केही स्थानमा देखिएको साम्प्रदायिक संवेदनशीलतालाई मध्यनजर गर्दै शान्ति, सामाजिक सद्भाव र सुरक्षा व्यवस्था सुदृढ बनाउन सातबुँदे निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहलाई निर्देशन दिएको छ ।

गृह, सञ्चार तथा कानुन मन्त्रालयले शुक्रबार प्रदेशका सबै स्थानीय तहलाई पत्राचार गर्दै प्रदेश सुरक्षा समन्वय समितिको साउन १४ गते बसेको बैठकका निर्णय प्रभावकारी रूपमा कार्यान्वयन गर्न, वडा कार्यालयसम्म आवश्यक निर्देशन दिन तथा कार्यान्वयनको प्रगति सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत मन्त्रालयमा पठाउन आग्रह गरेको हो ।

समितिले साम्प्रदायिक रूपमा संवेदनशील विषयको समाधानका लागि प्रदेशदेखि वडा तहसम्म राजनीतिक दललाई सक्रिय संवाद र समन्वयमा परिचालन गर्ने निर्णय गरेको छ। त्यसका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले आवश्यक सहजीकरण गर्ने उल्लेख गरिएको छ ।

यस्तै, हिन्दु, मुस्लिमलगायत सबै समुदायका धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रतिष्ठित व्यक्तिलाई परिचालन गरी सामाजिक सद्भाव, शान्ति र भाइचाराको सन्देश प्रवाह गर्ने कार्यक्रम सञ्चालन गरिने भएको छ ।

निर्णयअनुसार सामाजिक सञ्जाल तथा सञ्चार माध्यममार्फत शान्ति, सामाजिक एकता र सद्भाव प्रवर्द्धन गर्ने सकारात्मक सूचना, अडियो-भिडियो तथा सन्देश नियमित रूपमा प्रसारण गर्ने व्यवस्था गृह, सञ्चार तथा कानुन मन्त्रालयले मिलाउनेछ। सामाजिक सञ्जालमार्फत साम्प्रदायिक द्वेष, घृणा, हिंसा वा उत्तेजना फैलाउने गतिविधिमाथि नेपाल प्रहरीको साइबर सेलसहित सुरक्षा निकायले निरन्तर निगरानी गर्ने र यस्ता गतिविधिमा संलग्नलाई 'शून्य सहनशीलता'को नीति अपनाई कानुनबमोजिम कडा कारबाही गरिने निर्णय गरिएको छ ।

त्यसैगरी सबै जिल्ला सदरमुकाम तथा आवश्यकताअनुसार स्थानीय तह र वडा स्तरमा राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, सञ्चारकर्मी तथा सरोकारवालाको सहभागितामा सद्भाव र शान्ति-यात्रा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइएको छ ।

समितिले सञ्चारमाध्यम र पत्रकारलाई तथ्यपरक, जिम्मेवार तथा शान्ति प्रवर्द्धन गर्ने समाचार सम्प्रेषण गर्न आग्रह गर्दै भ्रामक र उत्तेजनात्मक सामग्री निरुत्साहित गर्न नेपाल पत्रकार महासंघलगायत सम्बन्धित संस्थासँग समन्वय गर्ने निर्णय पनि गरेको छ ।

बैठकका निर्णयको कार्यान्वयनको नियमित अनुगमन जिल्ला सुरक्षा समितिले गर्ने र प्रगति विवरण दैनिक वा आवश्यकताअनुसार गृह, सञ्चार तथा कानुन मन्त्रालयमा पठाउने व्यवस्था समेत गरिएको मन्त्रालयले जनाएको छ ।

# बर्दिबासबासिको सन्देश- 'हिन्दु- मुस्लिम हामी दाजुभाइ'

**राजकरण महतो**

**साउन १५ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासमा शुक्रबार बिहान हिन्दु र मुस्लिम समुदायका अगुवा, जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, व्यवसायी तथा विभिन्न संघसंस्थाका प्रतिनिधि एकै ठाउँमा भेला भए। उनीहरूले एकसाथ चिया पिए, हातेमालो गरेर एउटै स्वरमा भने- "हिन्दु-मुस्लिम हामी दाजुभाइ ।"

बर्दिबास उद्योग वाणिज्य संघको आयोजनामा सम्पन्न सर्वपक्षीय सद्भाव बैठकले 'हाम्रो विविधता, हाम्रो पहिचान, हाम्रो एकता, हाम्रो अभियान' भन्ने नारासहित नेपालका सबै भाषा, धर्म र समुदायबीचको आपसी विश्वास र सहअस्तित्वलाई थप बलियो बनाउने प्रतिबद्धता व्यक्त गरेको हो ।

बर्दिबास नगरपालिकाका प्रमुख प्रह्लादकुमार क्षेत्रीले समाजमा धार्मिक सद्भाव बिथोल्ने र उत्तेजना फैलाउने गतिविधिमा संलग्न जो-कोहीलाई कानुनी दायरामा ल्याउन सरकारसँग माग गरे । सामाजिक सञ्जालमा लोकप्रिय बन्न गरिने स्टन्टबाजीले समाजमा अनावश्यक तनाव सिर्जना गरिरहेको उनको भनाइ थियो ।

मुस्लिम समाज बर्दिबासका अध्यक्ष अताबुल रहमानले सानो गल्तीले ठूलो समस्या निम्त्याउन सक्ने भएकाले सबै समुदाय संयमित हुनुपर्ने बताए । "हामी वर्षौंदेखि मिलेर बसेका छौँ । समस्या आए पनि मिलेरै समाधान गर्नुपर्छ," उनले भने ।

बर्दिबास-१ का पूर्व वडाध्यक्ष चुडामणि पोखरेलले पहाडी-मधेसी, हिन्दु-मुस्लिम तथा जातीय विभाजनका नाममा समाजमा मनमुटाव बढाउने प्रयास भइरहेको उल्लेख गर्दै त्यसलाई रोक्न सबै एकजुट हुनुपर्ने बताए ।

स्थानीय चेतबहादुर थापाले विगतका आन्दोलनका समयमा पनि बर्दिबासले शान्तिपूर्ण ढंगले परिस्थिति व्यवस्थापन गरेको स्मरण गराउँदै अहिलेको संवेदनशील अवस्थामा पनि एकताबद्ध भएर अघि बढ्नुपर्ने बताए ।

नेकपा (एमाले) मधेश प्रदेश कमिटी सदस्य सन्त परियारले शान्ति र सामाजिक सद्भाव जोगाउन बर्दिबासले विगतमा देखाएको साहस फेरि एकपटक प्रदर्शन गर्ने समय आएको बताए ।

राप्रपा महोत्तरी क्षेत्र नं. १ का नेता कमल पोखरेलले कुनै पनि व्यक्ति वा समुदाय अराजक गतिविधिमा संलग्न हुन नहुने बताउँदै सामाजिक सद्भावभन्दा ठूलो सम्पत्ति अरू केही नभएको धारणा राखे ।

बर्दिबास नगर पत्रकार सञ्जालका प्रतिनिधिले कालापानी वन प्रकरणलाई लिएर समाजमा अशान्ति फैलाउने गतिविधि हुन नदिन सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए ।

नेपाल रेडक्रस सोसाइटी उपशाखा बर्दिबासका सुदीप कार्कीले गुलाबसा खातुनको बलात्कारपछि हत्या भएको घटनाका बेला अधिकारकर्मी सञ्जय न्यौपानेले सामाजिक सद्भावका लागि खेलेको भूमिकाको स्मरण गर्दै बर्दिबास एकताको उदाहरण बनेको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता विजय पोखरेलले कालापानी घटनाप्रति आफू पनि चिन्तित रहेको बताउँदै जात, धर्म र समुदायका नाममा मधेशलाई विभाजित गर्ने प्रयास अस्वीकार्य भएको बताए ।

होटल तथा पर्यटन व्यवसायी महासंघ बर्दिबासका अध्यक्ष गुन्जबहादुर कार्कीले अराजक गतिविधिमा संलग्न व्यक्तिमाथि सुरक्षा निकायले प्रभावकारी निगरानी गर्नुपर्नेमा जोड दिए ।

अधिवक्ता नदाफले सुनसरीलगायत स्थानमा भएका घटनाका दोषीलाई कानुनी कारबाही हुनुपर्ने बताउँदै "सबैको रगत बराबर छ, त्यसैले हामी विभाजित हुनुहुँदैन," भने ।

नेकपा एमालेका युवा नेता शंकर महतोले बर्दिबास सुन्दर भुगोल रहेको बताए । उनले भने, "बर्दिबासको समाजिक बनोट नै गहना छ । यहाँ एउटालाई घाउ हुदा अर्कोलाई दुखेको छ । हाम्रो तागत, ज्ञान र चेतना बर्दिबास समृध बनाउने तिर लगाउनु पर्छ।" उनका अनुसार मधेश बेहाल छ। तर, नेताहरु फोटो र भिडियोमा स्टन्ट गरिरहेको छ । तिनै तहका प्रतिनिधि र राजनीति दलहरु समाजिक एकताका लागि काम गर्नु पर्छ ।

इलाका प्रशासन कार्यालय बर्दिबासका प्रमुख माधवराज न्यौपानेले विविधता नै हाम्रो एकता हो । यसलाइ जगेर्ना गर्नु पर्छ । हामी सबै होसियारी एकताको साझा सहकार छ ।



नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य राजकरण महतोले सम्प्रादायिक दडाको आगो निभाउने एक मात्र उपाय समाजिक एकता र भाइचारा नै रहेको बताए ।

बर्दिबास उधोग बाणिज्य संघका पुर्व अध्यक्ष विष्णु खड्काले धर्मका नाममा राजनीति हुनु नहुने बताए । पुर्व कर्माचारी समाज बर्दिबास महोत्तरीका अध्यक्ष राम कुमार कार्किले सामाजिक सद्बभाव जोगाउन सबै लाग्नु पर्ने बताए ।

जनता माध्यमिक विधालय गौरिडाडाका विधालय व्यवस्थापन समितिका अध्यक्ष तुलसी ढुङ्गानाले सबैले सबैको सास्कार, सस्कृतिलाई अनुसरन गरे समाजिक एकता कहिल्यै नभड्किने बताए ।

नेपाली काङ्गेस बर्दिबासका नेता पोषण थापाले राजनीति दलले समाजको कमान्ड समाल्नु पर्ने बताए ।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमले हरेक समय बर्दिबास एकै स्थानमा उभिएर सद्भाव कायम राख्ने गरेको बताए । उनले भने, "हिन्दु र मुस्लिम समुदाय हामी दाजु भाइ भएर बसेका छौ ।"

बर्दिबास उधोग बाणिज्य संघका अध्यक्ष दिपक कार्कीले हिन्दु र मुस्लिम बिच पारिवारिक, समाजिक सम्बन्ध रहेको बताए । केही व्यक्तिले माहोल भड्काएकोले सबै सचेत हुनु पर्ने बताए ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषामा सामाजिक सद्भाव जोगाउन सर्वपक्षीय प्रतिबद्धता, जनकपुरधाममा सद्भाव र्‍याली निकालिने



**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, जनकपुरधाम**

सुनसरी घटनापछि जनकपुरधामसहित धनुषा जिल्लामा विकसित सुरक्षा अवस्थाको समीक्षा गर्दै सर्वपक्षीय सद्भाव समितिले सामाजिक सद्भाव, शान्ति र धार्मिक सहिष्णुता कायम राख्न साझा प्रतिबद्धता व्यक्त गरेको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलका अनुसार बसेको सर्वपक्षीय बैठकले जिल्लामा शान्ति सुरक्षा सुदृढ बनाउन सबै राजनीतिक दल, धार्मिक तथा सामुदायिक अगुवा, नागरिक समाज, बुद्धिजीवी, स्थानीय तहका जनप्रतिनिधि, सञ्चारकर्मी र सरोकारवालाले समन्वयात्मक रूपमा भूमिका निर्वाह गर्ने निर्णय गरेको हो ।

बैठकले नागरिकबीच आपसी विश्वास, भाइचारा र धार्मिक सहिष्णुता कायम राख्न सबै पक्षले पहल गर्नुपर्नेमा जोड दिएको छ । पछिल्ला घटनालाई लिएर समाजमा अनावश्यक तनाव सिर्जना हुन नदिन संयमता अपनाउन र सामाजिक एकता बलियो बनाउन समेत आग्रह गरिएको छ ।

त्यस्तै, सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह तथा पुराना घटनालाई तोडमोड गरी प्रचार गर्ने, धर्म वा समुदायबीच घृणा र वैमनस्य फैलाउने तथा उत्तेजक अभिव्यक्ति दिने गतिविधिप्रति सचेत रहन बैठकले सबैलाई आह्वान गरेको छ ।

सामाजिक सद्भावको सन्देश प्रवाह गर्न जनकपुरधाममा सर्वपक्षीय सहभागितामा सद्भाव र्‍याली आयोजना गर्ने निर्णय पनि गरिएको छ ।

साथै जिल्लाका सबै स्थानीय तहलाई पनि आ-आफ्नो क्षेत्रमा यस्ता कार्यक्रम सञ्चालन गर्न अनुरोध गरिने प्रमुख जिल्ला अधिकारी लुइँटेलले जानकारी दिए ।

बैठकले हालको परिस्थितिमा शान्तिपूर्ण वातावरण कायम राख्न सबै पक्षबीच संवाद, सहकार्य र आपसी विश्वासलाई प्राथमिकतामा राख्नुपर्ने निष्कर्षसमेत निकालेको छ ।

## महोत्तरीका प्रमुख बजार................

प्रभावित भएको छ भने सडकमा सर्वसाधारणको फाटफुट आवतजावत मात्र देखिएको छ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र गौशाला नगरपालिका-गौशाला बजार , रामगोपालपुर, बलवा सरपल्लो पनि बिहानैदेखि बन्द रहेको छ। व्यापारिक प्रतिष्ठान बन्द हुँदा दैनिक कारोबार प्रभावित भएको स्थानीय व्यवसायीहरूले बताएका छन् ।

यसअघि बिहीबार घटनाको विरोधमा जलेश्वरसहित जिल्लाका विभिन्न स्थानमा स्थानीयवासीले प्रदर्शन गरेका थिए। सोही प्रदर्शनपछि स्थानीयको आह्वानमा शुक्रबार बजार बन्द गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

यसैबीच, जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लावासीलाई संयमता अपनाउन तथा सामाजिक सद्भाव कायम राख्न आग्रह गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलद्वारा बिहीबार साँझ जारी प्रेस विज्ञप्तिमा सबै समुदायलाई आपसी सहिष्णुता, सद्भाव र शान्तिपूर्ण वातावरण कायम राख्दै दैनिक जनजीवनलाई नियमित बनाउन अपिल गरिएको छ।

प्रशासनले जिल्लाको शान्ति, सुरक्षा तथा सामाजिक सद्भाव कायम राख्न कुनै पनि अफवाहको पछि नलाग्न, कानुन हातमा नलिन तथा जिम्मेवार र संयमित भूमिका निर्वाह गर्न सबै पक्षसँग आग्रह गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार जिल्लाको समग्र सुरक्षा अवस्था सामान्य रहेको छ। सम्भावित अप्रिय घटना हुन नदिन संवेदनशील क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको प्रहरीले जनाएको छ।

यसैगरी, देशका विभिन्न स्थानमा स्थानीय समुदायबीच उत्पन्न असमझदारीका कारण सिर्जना भएको असामान्य परिस्थितिप्रति गौशाला नगरपालिकाले गम्भीर चासो व्यक्त गर्दै सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सबै पक्षसँग आग्रह गरेको छ।

गौशाला नगरपालिकाका नगर प्रमुख डा. दीपेन्द्र महतोले शुक्रबार जारी गरेको सार्वजनिक अपिलमा पछिल्ला घटनामा ज्यान गुमाएका नेपाली नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको छ। उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै पीडित परिवारलाई उचित क्षतिपूर्ति तथा घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारसँग आग्रह गर्नुभएको छ। नगर प्रमुख महतोले कुनै एक स्थानमा भएको दुःखद् घटनाका आधारमा सम्पूर्ण समुदायलाई दोषी ठहर गर्नु न्यायोचित नहुने उल्लेख गर्नुभएको छ। उहाँले सामाजिक सहिष्णुता, आपसी विश्वास र शान्ति सुरक्षाको संरक्षणमा स्थानीय सरकारसहित सबै पक्ष थप जिम्मेवार र संवेदनशील बन्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

अपिलमा नेपाली समाज परापूर्वकालदेखि नै आपसी सद्भाव, सहिष्णुता, भाइचारा र परस्पर सम्मानको संस्कृतिमा आधारित रहेको उल्लेख गर्दै धर्म, जाति वा संस्कृतिका नाममा फैलाइने हिंसा, घृणा र विभाजनले सामाजिक एकता कमजोर बनाउने चेतावनी दिइएको छ।

तराई-मधेशका केही क्षेत्रमा सामाजिक तथा धार्मिक सद्भावमा असर पुग्ने गतिविधि देखिएको उल्लेख गर्दै नगर प्रमुख महतोले त्यस्ता गतिविधिप्रति सबै नागरिक सजग, जिम्मेवार र संयमित हुनुपर्नेमा जोड दिनुभएको छ।

उहाँले नगरवासी, राजनीतिक दल, नागरिक समाज, जनप्रतिनिधि, धर्मगुरु, सञ्चारकर्मी तथा प्रबुद्ध व्यक्तिलाई अफवाहको पछि नलाग्न, कानुनको पालना गर्न तथा सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न र शान्ति, भाइचारा तथा राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन आ-आफ्नो स्थानबाट सकारात्मक भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको छ।

## प्रो पब्लिक द्वारा....

प्रभावकारी समन्वय आवश्यक रहेको जनाएको छ।

विज्ञप्तिमा घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी छानबिन गरी दोषीमाथि कानुनबमोजिम निष्पक्ष कारबाही गर्न, प्रभावित समुदायको सुरक्षा, न्याय तथा पुनःस्थापनाको सुनिश्चितता गर्न सरकारसँग माग गरिएको छ। साथै दीर्घकालीन सामाजिक सद्भाव कायम गर्न स्थानीय समुदाय, नागरिक समाज, धार्मिक अगुवा, राजनीतिक दल र राज्यका निकायबीच निरन्तर संवाद, विश्वास निर्माण र सहकार्यलाई उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिइएको छ।

प्रो पब्लिकले "शान्ति, सहिष्णुता र सामाजिक सद्भाव लोकतान्त्रिक समाजका आधार स्तम्भ हुन्। यी मूल्यहरूको संरक्षण गर्नु हामी सबैको साझा जिम्मेवारी हो।" भन्दै सबै नागरिकलाई शान्ति, संयम र आपसी सम्मानको संस्कृतिलाई बलियो बनाउन आह्वान गरेको छ।

## महोत्तरीको सीमा भएर प्रवेश गर्नेलाई ...

परापूर्व कालदेखि रहिआएको सामाजिक सद्भाव, भाइचारा र सांस्कृतिक ऐक्यबद्धतालाई अक्षुण्ण राख्दै संयमता अपनाउन र कुनै पनि किसिमका हिंसात्मक, द्वन्द्वमूलक वा उत्तेजक क्रियाकलापहरू हुन नदिन सम्पूर्ण जिल्लावासीहरूमा हार्दिक अपिल समेत गर्ने निर्णय भएको प्रजिअ यादवले बताउनुभयो ।

यसका साथै सामाजिक सञ्जालमा सद्भाव भड्काउने किसिमका अफवाह, भ्रामक, अपुष्ट र द्वेषपूर्ण सामग्रीहरू सम्प्रेषण नगर्नुको साथै त्यस्ता सामग्रीहरु शेयर नगर्न समेत आग्रह गर्ने र कहि कतै कसैले त्यस्ता कार्य गरेमा संलग्न जोकोहीलाई प्रचलित नेपाल कानून बमोजिम कडा कारवाही गर्ने निर्णय बैठकबाट गरिएको उहाँले जानकारी दिनुभयो ।

जिल्लाभित्र रहेका सम्पूर्ण जातजाति, भाषाभाषी, धर्म र सम्प्रदायका नागरिकहरूबीच असमझदारी वा द्वन्द्वलाई उत्तेजित नबनाई संयमता अपनाउँदै जिल्लामा शान्ति सुरक्षा र सामाजिक सद्भाव कायम राख्न जिल्लास्थित सम्पूर्ण धार्मिक अगुवाहरुमा हार्दिक अपिल गर्ने र कुनै पनि धार्मिक जुलुस, र्‍याली, सभा वा सार्वजनिक कार्यक्रमहरू सञ्चालन गर्दा अनिवार्य रूपमा स्थानीय प्रशासनलाई पूर्वसूचना दिई स्वीकृति लिनुपर्ने र शान्ति-सुरक्षा खलल हुने कुनै क्रियाकलाप नगर्न नगराउन निर्णय समेत भएको हो ।

त्यसैगरि जिल्लाको समग्र शान्ति, सुव्यवस्था र अमनचयन कायम राख जिल्लास्थित सम्पूर्ण सुरक्षा निकायहरूलाई उच्च सतर्कताका साथ संवेदनशील क्षेत्रहरूमा गस्ती बढाउने, शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिई अनुसन्धान गर्ने, यता सुनसरी घटनाको समर्थनमा महोत्तरीको सदर मुकाम जलेश्वर लगायत प्रमुख बजारहरु बन्द गराइएको छ । महोत्तरीको मटिहानी, गौशाला, सम्सी, रामगोपालपुर, औरही, पिपरा लगायतको बजार बन्द गर्नुका साथै सडकहरुमा टायर बाल्नुको साथै रुख ढालेर सडक समेत अवरुद्ध गरिएको छ ।



# शान्ति, सद्भाव र न्यायका लागि मानवअधिकारकर्मीको संयुक्त अपिल

**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, जनकपुरधाम**

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा दुई समुदायबीच भएको झडप तथा त्यसपछि सिरहा, धनुषा, पर्सालगायत मधेशका विभिन्न जिल्लामा भएका विरोध प्रदर्शनका क्रममा भएको मानवीय क्षतिप्रति मधेश प्रदेशका मानवअधिकार कर्मीहरूले गम्भीर चिन्ता व्यक्त गर्दै निष्पक्ष छानबिन र दोषीमाथि कानुनी कारबाहीको माग गरेका छन्।

संयुक्त प्रेस विज्ञप्तिमार्फत मानवअधिकारकर्मीहरूले सुनसरीको देवानगञ्जमा गोली लागेर ओमप्रकाश मेहताको मृत्यु, उपचारका क्रममा जयप्रकाश मेहताको निधन तथा सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा गोली लागेर औरही गाउँपालिका-२ का १८ वर्षीय गणेश यादवको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेका छन्। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

विज्ञप्तिमा नेपालको संविधानले प्रत्याभूत गरेका बाँच्न पाउने हक, स्वतन्त्रता, समानता तथा धार्मिक स्वतन्त्रताको सम्मान गर्दै शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकारको संरक्षण गर्नुपर्ने उल्लेख गरिएको छ। हिंसा, मानवअधिकार उल्लङ्घन र संविधानविपरीतका गतिविधि कुनै पनि अवस्थामा स्वीकार्य नहुने उनीहरूको भनाइ छ।




मानवअधिकारकर्मीहरूले सिरहा, सुनसरीलगायत जिल्लामा भएका घटनाको उच्चस्तरीय, स्वतन्त्र र निष्पक्ष छानबिन समिति गठन, सत्यतथ्य सार्वजनिक गर्न, दोषीलाई कानुनबमोजिम कारबाही गर्न, पीडित परिवारलाई उचित राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारसँग माग गरेका छन्। साथै देशमा शान्ति, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेका छन्।

विज्ञप्तिमा प्रदर्शनका क्रममा बालबालिकासमेत अग्रपङ्क्तिमा देखिएको तथा उनीहरू जोखिममा परेको उल्लेख गर्दै कर्फ्यु वा निषेधाज्ञाको समयमा बालबालिकालाई सुरक्षित रूपमा घरमै राख्न अभिभावकसँग विशेष अपिल गरिएको छ। त्यस्तै, अफवाह र भ्रामक सूचनाको पछि नलागी राष्ट्रिय एकता, सामाजिक सद्भाव र शान्ति कायम राख्न सबै नागरिकसँग आग्रह गरिएको छ।

**संयुक्त विज्ञप्तिमा हस्ताक्षर गर्ने संस्था तथा प्रतिनिधिहरूः**

इन्सेक मधेश प्रदेश - राजु पासवान (प्रदेश संयोजक)

एडभोकेसी फोरम नेपाल, मधेश प्रदेश - राजकुमार महासेठ (प्रदेश संयोजक)

गैरसरकारी संस्था महासंघ मधेश प्रदेश - रामबाबु साह (प्रदेश अध्यक्ष)

एम्नेष्टि इन्टरनेशनल - जमुनामुना भुजेभुजेल

कायापलट - दिवाकर उप्रेती (संस्थापक अध्यक्ष)

सूचनाको हकका लागि राष्ट्रिय महासंघ, मधेश प्रदेश समिति - अजय साह (प्रदेश अध्यक्ष)

नील हिरा समाज, मधेश प्रदेश - प्रदीप यादव (प्रदेश संयोजक)

नेपाल मानव अधिकार संगठन - वीरेन्द्र कर्ण (अध्यक्ष)

मानव अधिकारका लागि एकल समूह - सुभसुद्रा आले (अध्यक्ष)

उज्यालो समाज नेपाल - अमित मिश्र (कार्यकारी निर्देशक)

दलित महिला संघ - सिजेन्द्र सदा (जिल्ला परियोजना संयोजक)

आफन्त नेपाल - अमृता घिमिरे (संयोजक)

ग्रीन स्पेस नेपाल - धिरज साह (अध्यक्ष)

महिला मैत्री समाज - संजु यादव (अध्यक्ष)

मानव अधिकार रक्षक सञ्जाल - रञ्जन भण्डारी (प्रदेश सदस्य)

मुक्ति नेपाल - विनोद महरा (कार्यक्रम संयोजक)

# प्रो पब्लिक द्वारा शान्ति र सद्भाव कायम गर्न सबै पक्षसँग अपिल

**खबर दर्पण समाचारदाता**

**साउन १५ गते, बर्दिवास**

सुनसरीको देवानगञ्ज तथा मधेश प्रदेशका विभिन्न जिल्लामा हालै भएका साम्प्रदायिक हिंसाका घटनाप्रति गैरसरकारी संस्था प्रो पब्लिकले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संस्थाले हिंसाका कारण उत्पन्न तनाव, मानवीय तथा सामाजिक क्षतिप्रति चिन्ता व्यक्त गर्दै शान्ति, सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न सबै पक्षसँग संयम अपनाउन आग्रह गरेको छ।




शुक्रबार जारी विज्ञप्तिमा प्रो पब्लिकले नेपालको संविधानले प्रत्याभूत गरेका मानव अधिकार, धार्मिक स्वतन्त्रता, समानता र सामाजिक सद्भावका मूल्य तथा मान्यतामाथि कुनै पनि प्रकारको हिंसा, घृणा वा विभाजनकारी गतिविधि स्वीकार्य हुन नसक्ने उल्लेख गरेको छ।

संस्थाले विविधता नै नेपालको राष्ट्रिय पहिचान र साझा शक्ति भएको उल्लेख गर्दै अफवाह फैलाउने, घृणाजन्य अभिव्यक्ति दिने तथा सामाजिक सद्भाव खल्बल्याउने गतिविधिबाट टाढा रहन सबैमा अपिल गरेको छ। साथै संवाद, आपसी विश्वास र मेलमिलापका माध्यमबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिएको छ।

प्रो पब्लिकले नेपाल सरकार, सुरक्षा निकाय, राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम तथा सम्पूर्ण समुदायलाई मानव अधिकार, विधिको शासन, धार्मिक सहिष्णुता र सामाजिक एकताको संरक्षणमा जिम्मेवार तथा संवेदनशील भूमिका निर्वाह गर्न आग्रह गरेको छ। संस्थाले यस्ता घटनाको पुनरावृत्ति हुन नदिन सबै सरोकारवालाबीच

*बाँकी पृष्ठ ३ मा*




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,